नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**

सानोठिमी, भक्तपुर

सूचना प्रकाशित मिति: २०८२।०७।२०

## शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश शिक्षा निर्देशनालय, विद्यालयहरू तथा सरोकारवाला सबैका लागि माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसइइ) को ग्रेडसिट एकीकृत गर्ने गराउने सम्बन्धी सूचना

२०८१ को ग्रडवृद्धि परीक्षामा सामेल भई न्यूनतम ग्रेड प्राप्त गरेका वा Graded भएका परीक्षार्थीले २ वा २ भन्दा बढी ग्रेडसिट प्राप्त गरेका र ती ग्रेडसिटहरू जी पी ए सहितको एकीकृत गरी एउटै ग्रेडसिट तथा प्रमाणपत्र विद्यार्थीले प्राप्त गर्नुपर्ने हुँदा विद्यार्थीबाट उनीहरूले प्राप्त गरेका २ वा २ भन्दा बढी ग्रेडसिट जम्मा गरी उक्त कार्यसम्पादन गर्न देशभरबाट सबै विद्यार्थी केन्द्रमा नै आउनुपर्दा समय र खर्चका हिसाबले कठिन हुनेलगायतका कारण ग्रेडसिट एकीकरण गरी प्रमाणपत्रसहित जारी गर्ने प्रयोजनका लागि निम्नानुसारको प्रक्रियाबाट कार्यसम्पादन गर्न गराउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. जिल्लाअन्तर्गतका माध्यमिक विद्यालयलबाट २०८१ को (ग्रेडवृद्धि) परीक्षामा सहभागी भई न्यूनतम ग्रेड प्राप्त गरेका र Graded भएका विद्यार्थीहरुले प्राप्त गरेका २ वा सोभन्दा बढी ग्रेडसिटसहित एकीकृत गर्ने प्रयोजनका लागि २०८२।८।२२ गतेसम्म आआफ्ना विद्यालयमा निवेदन दिन र सम्बन्धित विद्यालयले आवश्यक कागजातसहित निवेदन सङ्कलन गर्न गराउन शिक्षा विकास समन्वय इकाइहरुले सूचना प्रकाशन गर्ने

२. विद्यालयहरूले आफ्ना विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका २ वा २ भन्दा बढी न्यूनतम ग्रेड प्राप्त गरेका र Graded भएका ग्रेडसिट,नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपीसहित विद्यार्थीबाट फाराम भरी भराई Website बाट Download गरी भरेको फाराम र प्रति विद्यार्थी रु ५००(पाँच सय) राजश्व वापतको रकम जम्मा गरेको सक्कलै बैंक भौचरसहित ( विद्यार्थीबाट नगद रकम लिई विद्यालयले एकमुष्ठ रकम जम्मा गर्न सक्ने) विद्यार्थीबाट निवेदन सङ्कलन गर्ने र शिक्षा विकास तथा समन्वय इकाइमा २०८२ मंसिर मसान्तसम्म पेस गर्ने

३. एकीकृत गर्ने प्रयोजनका लागि विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयले राजश्व वापतको रकम एकमुष्ठ राष्ट्रिय परीक्षा बोर्डको नाममा कार्यालय कोड ३५०३१३३०१ राजश्व शीर्षक १४२२३ मा राष्ट्रिय वाणिज्य बैंक वा नेपाल बैंकमा जम्मा गरेको भौचरसहित शिक्षा विकास तथा समन्वय इकाइमा बुझाउने

४. शिक्षा विकास तथा समन्वय इकाइले विद्यालयबाट प्राप्त विद्यार्थीका निवेदनसहितको कागजात राजश्व भौचर रूजु गरी बुझिलिने र कार्यालयको नियमित दर्ता किताब भन्दा छुट्टै दर्ता किताब खडा गरी दर्ता गरी सङ्कल गर्ने

५. यसरी जम्मा हुन आएका फायलहरु प्रत्येक हप्तान्तमा छिटो माध्यमबाट परीक्षा नियन्त्रण कार्यालयमा पठाउने व्यवस्था मिलाउने र परीक्षा नियन्त्रण कार्यालयले यथासक्य चाँडो कार्ससम्पादन गरी छिटो माध्यमबाट जिल्लामा पठाउने व्यवस्था गर्ने साथै जिल्लाले सम्बन्धित विद्यालयमार्फत वितरणको व्यवस्था मिलाउने

६. ग्रेडसिट एकीकरणका लागि परीक्षा नियन्त्रण कार्यालयमा सिधै निवेदन दिन पाउने व्यवस्थासमेत कायमै राख्ने र तोकिएको समयभित्र विद्यालयमार्फत एकीकृत नगराउने विद्यार्थीले पछि जुनसुकै समयमा परीक्षा नियन्त्रण कार्यालयमा आई एकीकृत गराउन सकिने छ ।

७. ग्रेडसिट एकीकरण गर्दा विद्यार्थीले प्राप्त गरेका ग्रेडसिटका फोटोकपी, जन्मदर्ता वा नागरिकताको फोटोकपी ( २ वा सो भन्दा बढी ग्रेडसिटहरुमा नाम वा जन्ममिति फरक फरक रहेको अवस्थामा रूजु गर्नका लागि), प्रवेशपत्रको फोटोकपी, सक्कल निवेदन र राजश्व भौचर संलग्न गर्नुपर्ने छ ।

८ जिल्लाबाट पेस हुन आएका निवेदनअनुसार एकीकृत प्रमाणपत्र तयार गरी शिक्षा विकास तथा समन्वय इकाइमा पठाइने र इकाइले विद्यालयमार्फत विद्यार्थीलाई उपलब्ध गराउने व्यवस्था मिलाउने

९. ग्रेडसिट एकीकृत गर्न विद्यार्थीहरूले भर्नुपर्ने फाराम परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को Website www.see.gov.np मा उपलब्ध छ ।

**सच्याइएको:** मिति २०८२।०७।१९ मा प्रकाशित रजिष्ट्रेसन फाराम भर्ने भराउने सम्बन्धी सूचनाको बुँदा नं.१ को (ग) को बुँदा भुलवस पर्न गएकोले उक्त बुँदा हटाइएको छ ।

परीक्षा नियन्त्रक